**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०६ नोभेम्बर २०२३

समयः १८:५० – १६:०० बजे

**प्रमुख समाचार**

१. चियाबारीको रहल 4 प्रतिशत बोनस विषयमाथि आज कोलकातामा डाकिएको बैठक असफल भएको छ, अब अर्को बैठक सिलगढीमा आगामी 16 नोभेम्बरमा हुने भएको छ।

२. बिहारकी प्रसिद्ध लोक गायिका शारदा सिन्हाको निधनमा पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता ब्यनार्जीले शोक प्रकट गर्नु भएको छ।

३. मदारीहाट उप-चुनाउको प्रचार गर्न जीटीएका प्रमुख कार्यपाल अनित थापा आज डुवर्स पुग्नु भएको छ।

४. गोर्खाल्याण्ड एक्टिभिस्ट समूहले संसदको शीतकालीन सत्र अवधि यसपाली पनि अलग राज्य गोर्खाल्याण्डको मागमा दिल्लीमा धरना प्रदर्शन गर्ने निर्णय लिएको छ।

५. छट पूजाको उत्साह र भीडलाई मध्यनजर गर्दै आगामी दुई दिनसम्म कोलकातामा कठोर सुरक्षा व्यवस्था गरिएको छ ।

**बोनस बैठक**

चियाबारीको रहल 4 प्रतिशत बोनस विषयमाथि आज कोलकातामा डाकिएको बैठक असफल भएको छ। पश्चिम बंगाल सरकारको श्रम मन्त्री मलय घटकको अगुवाईमा सरकारए युनियनहरू र मालिक पक्षलाई लिएर आज कोलकोतामा बैठक बोलाइएको थियो। उक्त बैठकमा भाग लिनलाई दार्जिलिङ पहाड़को सातवटा राजनैतिक पार्टीको ट्रेड युनियनका प्रतिनिधिहरूको समन्वय मञ्चको प्रतिनिधिहरू कोलकोता पुगेका थिए ्तथापी बैठक बसेको आधा घण्टापछि मालिकवर्गले दिवाली र छठ पूजाको व्यस्तता देखाएर बैठकमा आउन नसक्ने पत्र सरकारले देखाएपछि बैठक हुन सकेन। उक्त बैठकमा पहाड़बाट गएका ट्रेड युनियनका प्रतिनिधिहरूले सभा हलबाट बाहिर आएर बैठक असफल भएको जानकारी गराएका छन्। आज कोलकोतामा भएको बैठकमा मालिक पक्षहरू अनुपस्थित रहेको कारणले बैठक असफल बनेपछि अब अर्को बैठक 16 नोभेम्बरमा सिलगढीमा आयोजना गरिने भएको जानकारी प्राप्त भएको छ। यसैबीच बोनस बैठक सफल बनाउनक लागि हिल प्लान्टेशन इम्प्लोइज युनियनले आज कोलकातामा धरना प्रदर्शन समेत गरेको थियो। अर्कोतिर मालिकपक्षको अनुपस्थितिले बोनसको बैठक विफलकोमा आक्रोश व्यक्त गर्दै हाम्रो पार्टीको श्रमिक संगठनले दर्जीलिंगको चोक बजारमा व्यापक मात्रामा पोस्टरिंग गरेको छ ।

****** ० ******

**मुख्यमन्त्री – शारदा सिन्हा**

बिहारकी प्रसिद्ध लोक गायिका शारदा सिन्हाको निधनबाट संगीत जगतमा शोक व्याप्त भएको छ। उनको निधनमा मुख्यमन्त्री ममता ब्यनर्जीले आफ्नो ट्वीटमा उनलाई श्रद्धाञ्जलि अर्पण गर्नु हुदै भन्नु भएको छ ए आफ्नो सुमधुर आवाजको कारणले शबिहार कोकिलाश .को नाममा प्रख्यात शारदाजीका स्मरणहरू सदैव जीवित रहनेछन्। उनी भोजपुरी, मैथिली वंए मगही गीतहरूको लागि प्रसिद्ध थिइन्।

****** ० ******

**अनित थापा-डुवर्स**

चुनाउ प्रचार गर्न जीटीए प्रमुख कार्यपाल अनित थापा आज डुवर्स पुग्नु भएको छ। डुवर्सको मदारीहाट विधानसभा क्षेत्र उप-चुनाउका लागि पश्चिम बंगाल राज्यको सत्तासीन दल टीएमसीको चुनावी प्रचार गर्न जीटीएका प्रमुख कार्यपाल अनित थापा आज डुवर्स पुग्नु भएको हो। मदारीहाट जाने क्रममा थापा आज नगरकट्टा पुग्दा उहाँलाई टीएमसी नगरकट्टा ब्लक कमिटी सभापति प्रेम छेत्री लगायत क्षेत्रीय पार्टी नेतृत्व एवम् कार्यकर्ताहरूले स्वागत जनाएका थिए। चुनाउ प्रचारको क्रममा पाँच दिनसम्म थापा डुवर्समा बस्ने जानकारी पाइएको छ। मदारीहाट उप-चुनाउको प्रचारका लागि आफू पार्टीका क्षेत्रीय नेतृत्व अनि प्रतिनिधिहरूसित भेटघाट अनि सर-सल्लाह गरेर चुनाउ प्रचारमा ओर्लिने थापाको भनाइ छ ९ उल्लेखनीय छए आगामी १३ नोभेम्बरको दिन अलिपुरद्वार जिल्लाको मदारीहाट विधानसभा क्षेत्रमा उप चुनाव हुन गइरहेको छ। यो विधान सभा क्षेत्रका तत्कालिन भाजपा विधायक मनोज तिग्गा रहेका थिए। गत लोकसभा चुनाउमा अलिपुरद्वार संसदीय क्षेत्रबाट भाजपाको टिकटबाट चुनाउ जितेपछि उहाँ सांसद बनेका हुन् र अहिले यहाँ उपचुनाउ हुन गइरहेको छ । यो विधानसभा क्षेत्रको उप-चुनाउमा तृणमूल कंग्रेसले मदारीहाट ब्लकका वर्तमान ब्लक सभापति जयप्रकाश टोप्पोलाई मैदानमा उतारेको छ भने भाजपाबाट राहुल लोहार चुनावी मैदानमा छन्। २०१६ अनि २०२१ -मा भएको विधानसभा चुनाउमा लगातार भाजपाको टिकटमा मनोज तिग्गाले यो आसन जित्नु भएको थियो।

****** ० ******

**दार्जीलिङ शिक्षक- कारण बताउ नोटिस**

लामो समयदेखि पाठशालामा अनुपस्थित रहेकोमा दार्जीलिङ नगरपालिका बाल प्राथमिक पाठशालामा कार्यरत शिक्षकद्वय सुमीरन सुब्बा अनि सिद्धार्थ लामालाई जिल्ला प्राइमेरी स्कुल बोर्डद्वारा कारण बताऊ नोटिश जारी गरिने डी.आई तिलकचन्द रोकाले बताउनु भएको छ। यसबारे सही जवाब नआए यी दुई शिक्षकहरुविरुद्ध विभागीय तौरमा कार्वाही गरिने रोकाले चेताउनी दिनु भएको छ । ५ जना शिक्षकहरु मध्ये दार्जीलिङ नगरपालिका बाल प्राथमिक पाठशालाका २ शिक्षकहरु नियमित रुपमा अनुपस्थित रहेपछि विद्यार्थीहरुका पठनपाठन प्रभावित बनेको सूचनाको आधारमा गरिएको छड्के भ्रमण अवधि थाहा लागेको उहाले थप जानकारी गराउनु भएको छ ।

****** ० ******

**जनगणना**

गोर्खाको हितमा जातीको आधारमा जनगणना हुनुपर्छ भन्ने माग माकपा नेता तारा सुन्दासले गर्नु भएको छ । जनगणना सहि रुपमा नभएको कारण जनसंख्या कम देखाइने गरिएको बताउँदै बाहिर गएकाहरुको समेत नाम छुटिने गरेको उहाँको भनाइ रहेको छ । गृह मन्त्रालयको आधारमा गोर्खाहरुको जनगणना 2001 अनि 2011 मा पनि एउटै रहेको छ भने उक्त कुराले जनगणना सहि रुपमा नभएको स्पष्ट बनेको उहाँले बताएका छन्। जनसंख्याको आधारमा भुभाग छुट्याइदा यी कुराहरुले फरक पार्ने श्री सुन्दासले थप बताउनु भएको छ ।

****** ० ******

**गोर्खाल्याण्ड एक्टिभिस्ट समूह**

गोर्खाल्याण्ड एक्टिभिस्ट समूहले संसदको शीतकालीन सत्रको अवधि यसपाली पनि अलग राज्य गोर्खाल्याण्डको मागमा दिल्लीमा धरना प्रदर्शन गर्ने निर्णय लिएको छ। जसमा गोर्खाल्याण्डप्रेमी सम्पूर्ण सचेतए बुद्धिजीवीवर्गका साथै विभिन्न क्षेत्रका मानिसहरूलाई सामेल भइदिने समूहले आह्वान गरेको छ। नेपाली भाषा मान्यताको लागि भएको आन्दोलनमा जस्तै अलग राज्य गोर्खाल्याण्डको लागि पनि सबैलाई एकवद्ध भएर अघि आइदिने समूहका संयोजक किशोर प्रधान अनि प्रवक्ता विक्रम छेत्रीले आह्वान गर्नु भएको छ।

****** ० ******

**रेडपाण्डा गणना**

नयाँ वर्ष 2025 –को आगमनसँगै रेड पाण्डाको जनगणना हुने भएको छ। पश्चिम बंगाल राज्य वन विभागीय सूत्र अनुसार आउँदो वर्ष 2025 -को फरवरीदेखि मार्च महिनाबिचमा वन विभागले रेड पाण्डा गणनाको पहल गरेको छ। उल्लेखनीय छए रेड पाण्डा मुख्य रूपले दार्जीलिङको सिंहलीला राष्ट्रिय अभयारण्य अनि कालेबुङ जिल्लाको नेउरा भ्याल्ली अभयारण्यमा पाइन्छ। वन विभाग अनि विभिन्न स्वयंसेवी संस्थाहरूको सहयोगमा यी दुवै अभ्यारण्य क्षेत्रहरूमा रेडपाण्डाको गणना गरिइने बताइएको छ। यी दुइ हिमाली अभयारण्यहरूमा लगभग 700 फीटदेखि 11 हजार फीटको उँचाइसम्मको घना जंगलमा ट्र्याकिङ गरेर गणना गरिइने विभागीय सूत्रले जनाएको छ। यस वर्ष दार्जीलिङ रेडपाण्डा प्रजनन केन्द्र अनि दार्जीलिङको चिडियाखानामा धेरै रेडपाण्डाको जन्म

भएको कारण विगतको जनगणनाको तुलनामा यस वर्ष रेडपाण्डाको संख्यामा धेरै वृद्धि भएको कुरामा विभागीय अधिकारीहरू आशावादी छन्। यसबारे वाइल्ड लाइफ नर्थका चिफ कन्जरभेटर अफ फरेस्ट भाष्कर जेभीले आउँदो वर्षको फरवरीदेखि मार्च महिनाबिच रेडपाण्डाको गणनाको प्रस्ताव पठाइएको र यसका लागि स्वीकृति प्राप्त हुने आशा जताउनु भएको छ।

****** ० ******

## छट पूजा -कोलकाता

छट पूजाको उत्साह र भीडलाई मध्यनजर गर्दै आगामी दुई दिन कोलकातामा कुनै पनि अप्रिय घटना हुन नदिनका लागि कठोर सुरक्षा व्यवस्था गरिएको छ। विशेषगरी प्रतिबन्धित पटेकाको प्रयोगमाथि निगरानी राख्न सहरमा तीन हजार ७ सय थप पुलिस बल परिचालन गरिएको छ। ७५ डेसिबल भन्दा बढी आवाज हुने पटेका प्रयोग गर्न निषेध गरिएको छ। अस्पताल वरपरका क्षेत्रमा ध्वनिको सीमा ४५ डेसिबल तोकिएको क्षेत्रमा विशेष निगरानी राखिनेछ। कोलकाताको दक्षिणी भागमा रहेको रवीन्द्र सरोवर र उत्तरी भागमा रहेको सुभाष सरोवरका दुई मुख्य कृत्रिम झिल बन्द रहने छ । बुधबार बेलुकी ८ बजेदेखि शुक्रबार साँझ ६ बजेसम्म यी झिलको सबै प्रवेशद्वार बन्द रहनेछ। साथैए झिल वरिपरि ब्यारिकेडहरू जडान गरी सुरक्षा व्यवस्था कडा बनाइनेछ।

****** ० ******

## सिलगढी मेयर- छठ

लोक आस्थाको महान् पर्व छठ पूजा आजदेखि सुरु भएको छ। भोलि अस्ताउँदो सूर्यलाई अर्घ्य दिइनेछ। यसैलाई मध्यनजर गर्दै विभिन्न ठाउँमा अन्तिम तयारी भइरहेको छ। यसैबीचए सिलगढीका मेयर गौतम देव पनि अन्तिम समयको तयारीको जानकारी लिन सिलगढीको तीनबत्ती मोडस्थित रानाघाट पुग्नु भएको थियो। यसअवधि मेयर देवसँगै वार्ड नम्बर ३२ का पार्षद तापस च्याटर्जीलगायत अन्य उपस्थित थिए। यस सम्बन्धमा मेयरले छिट्टै घाटको काम सम्पन्न हुने अनि छठ व्रत बस्नेलाई कुनै अप्ठ्यारो नहोस् भन्ने ख्याल गरिएको बताउनु भयो। वडा पार्षद तपस च्याटर्जीले सन् २०१५ देखि नै यो घाटमा काम गरिरहेको बताउनु भयो।

****** ० ******

## अम्बर गुरुङ-स्मृति पुरस्कार

अम्बर गुरुङ सालिग संरक्षण समिति अनि लभ एन्ड सपोर्ट फाउण्डेसन मिरिकले आधुनिक नेपाली संगीतका शिखर पुरुष अम्बर गुरुङको सालिग स्थापनाको प्रथम वार्षिकोत्सव समारोह भव्यताको साथमा मनायो।यस कार्यक्रमको अध्यक्षता अम्बर गुरुङ सालिग संरक्षण समितिका अध्यक्ष शीला लामाले गर्नु भएको थियो भने प्रमुख अतिथिको रुपमा गायक तथा संगीतकार पेमा लामा उपस्थित हुनुहुन्थ्यो ८ कार्यक्रमको प्रथम सत्रमा टिंगलिंग भ्युउ पोइन्टमा अवस्थित संगीतकार एव गायक अम्बर गुरुंगको सलिगमा उपस्थित अथितिहरुले धुप, दीप अनि माल्यार्पण गरि श्रधान्जली अर्पण गरे भने उत्तरार्धको कार्यक्रम फुवगडी सार्वजनिक भवनमा सम्पन्न भयो। यस अवसरमा वरिष्ठ गायक एवं संगीतकार अशोक राईलाई दोस्रो अम्बर गुरूङ स्मृति सङ्गीत पुरस्कारए कवि एवं गीतकार दिनेश अधिकारीलाई दोस्रो अम्बर गुरूङ स्मृति गीत पुरस्कार अनि युवा गायक तथा सङ्गीतकार अर्जुन रसाइलीलाई दोस्रो अम्बर गुरूङ स्मृति गायन पुरस्कार प्रदान गरियो। पुरस्कृत व्यक्तित्वहरूलाई एकाउन्न - एकाउन्न हजार रूपियाँ, ताम्रा पत्र, दोशल्ला अनि स्मृति चिन्ह प्रदान गरियो।

****** ० ******

## टाउन कमिटी

दार्जीलिङ्ग बजारमा दिनदिनै बाँदरको उपद्रव बढेकोले जनमानसमा डर अनि त्रासको स्थिति उत्पन्न भइरहेको छ। २०२४ भित्रमा नै धेरै मानिसहरूलाई बाँदरले आक्रमण गरी घाइते बनाई सकेको भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा दार्जीलिङ्ग टाउन कमिटीका सचिव तेन्जिङ्ग भोटियाले आज पत्रकारहरुलाई बताउनु भयो। बाँदर को बढदो उपद्रवलाई रोकथाम गर्न टाउन कमिटीले दार्जीलिङ्ग नगरपालिका अनि वन विभागका अधिकारी हरु संग भेट गरी यसको पहल थाल्ने बताएको छ। आज दार्जीलिङमा एउटा पत्रकार सम्मेलन गर्दै दार्जीलिङ्ग टाउन कमिटीका तिलक चन्द्र रोका, कार्यकारी अध्यक्ष तेन्जिङ्ग खाम्बाचे आदिले दार्जीलिङ्ग नगरपालिका ले शहरको विभिन्न स्थानमा सुन्दरीकरणको कार्य गरेको मा आभार प्रकट गर्दै शहरको जल निकासी प्रणाली लगायत ट्राफिक समस्या प्रति पनि संधानको कार्य द्रुत गतिमा अघि बढाउने आग्रह गरे। यसरी नै गोर्खाल्याण्ड क्षेत्रिय प्रशासन को ऊर्जा विभाग बाट शहरको मुख्य पाँच वटा स्थानमा चाँडै हाई म्याक्स लाइट लगाइदिने उहाँहरूले पत्रकार सम्मेलन मार्फत मांग गरेका छन ।